# मिसन न्यूज

www.missionenews.com

MISSION News National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-३ | अंक-४७ | २०७६ जेष्ठ २९ गते बुधबार | 12 June 2019 Wednesday | मूल्य रू. १०/-



घरेलु हिंशाको जघन्य प्रकार, सवै मिली गरौं यसको प्रतिकार

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग


## दिगो विकासका लागि आवधिक योजना निर्माण

**मिसन न्यूज**

**कालिकोट**-जिल्लाको खाँडाचक्र नगरपालिकाले दिगो विकासका लागि पाँच वर्षे आवधिक योजना निर्माण गरेको छ । समृद्ध नगरपालिका र दिगो विकासका लागि सवै विषयगत समीतिहरुको सहभागीता र सरोकारवाला निकाय हरुसँगको सहकार्यमा मंगलवार मान्ममा योजनाहरुको वारेका सुझाव लिएको छ ।

एकदिने आवधिक योजना तर्जुमा गोष्ठी उपलब्धीमुलक रहेको र विज्ञहरुलाई राखेर पाच वर्षको योजना तर्जुमा गरेर समृद्ध नगरपालिका निर्माणको लागी अघि बढीरहेको खाँडाचक्र नगरपालिका प्रमुख जसि प्रर्साद पाण्डेले बताए । आगामी वर्षको योजना तर्जुमा गर्दा आगामी पाच वर्षको लागी ११ वटा वडाहरुमा मुख्य योजना बनाएर अघि बढिरहेको र पहिलो वर्ष शिक्षा, स्वास्थ्य र कृर्षिलाई प्रमुख प्राथमिकतामा राखेर अघि बढिरहेको प्रमुख पाण्डेले बताए । उनले, 'नगरपालिकाको सीमित स्रोत र साधनलाई न्यायोचित वितरण गरी नागरिकका असिमित आवश्यकता क्रमबद्ध रुपमा पूरा गर्न, समावेशी र सन्तुलित विकासका रणनीतिहरु अवलम्बन गर्दै सामाजिक न्यायमा आधारित समाजबाद उन्मुख प्रादेशिक अर्थतन्त्र निर्माण गर्न आवधिक योजनाले सघाउ पुऱ्याउने अपेक्षा गरिएको बताए । नगरपालिकामा रहेका विभिन्न समस्याहरुलाई पहिचान गरी समृद्ध नगरपालिका बनाउन सधै लागिपर्ने जनप्रतिनिधिहरुले बताएका छन् । खाँडाचक्र नगरपालिकाको दिगो विकास लक्ष्य प्राप्तीको लागी ३ वर्षे र ५ वर्षे योजना बनाउन पहिलो चरणम एकदिने कार्यक्रमको आयोजना गरिएको खाँडाचक्र नगरपालिका प्रमुख प्रशासकीय अधिकृत काँसि प्रर्साद पंगेनिले बताए । उनका अनुसार,'दिगो विकासका लक्ष्यहरु हासिल गर्दै संघीय सरकारको समृद्ध नेपाल सुखी नेपालीको सोचसँग तादम्यता हुने गरी नगरपालिकाले अबलम्बन गरेको समृद्ध प्रदेश खुशी जनताको सौंच हासिल गर्न



कार्यक्रममा बोल्दै नगर प्रमूख ।


बाँकी ८ पृष्ठमा..


## साझा विवेकशिलले दियो मुख्यमन्त्री शाहीलाइ रंगिन कार उपहार

**मिसन न्यूज**

**सुर्खेत** - साझा विवेकशिल पार्टीले कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीलाइ रातो कार उपहार स्वरुप दिएको छ । साझा विवेशशिल पार्टीका कर्णाली प्रदेशका संयोजक गेहेन्द्र प्रसाद दाहालले मुख्यमन्त्री शाहीलाई रकमान्तर गरी गाडी किन्ने कर्णाली सरकारको निर्णयको विरोध स्वरुप रातो कार प्रदान गरेका हुन् ।




आर्थिक वर्षको अन्तिमतिर कर्णाली सरकारले बजेट खर्च गर्न नसक्दा रकमान्तर गरेर ५४ वटा विलासी गाडी खरिद गर्ने निर्णय गरेको थियो । गाडीहरू प्रदेश सरकारका मन्त्रालय र अन्य निकायका लागि खरिद प्रक्रिया अघि बढाइएको हो । साझा पार्टीले गरिब भनेर चिनिएको कर्णाली प्रदेशमा जनता तड्पिने र सरकार तथा नेताले ऐस आराम गर्ने परिपाटीको अन्त्य हुनुपर्ने बताएको छ । ८ बुँदे ध्यानाकर्षण पत्र मुख्यमन्त्री शाहीलाई बुझाउदै आगामी बजेटमा युवालाई रोजगारीको व्यवस्था गर्न माग गरिएको छ । आर्थिक वर्ष सकिनै लाग्दा कर्णाली प्रदेशका विभिन्न मन्त्रालयले दुई अर्बभन्दा बढी रकमान्तर गरेका छन् । हालसम्म प्रदेश सरकारले ७.३७ प्रतिशतमात्रै विकास बजेट खर्च गरेको छ । साबिकका क्षेत्रीय तथा जिल्लास्थित कार्यालयका साथै संघीय सरकारले पठाएका


बाँकी ४ पृष्ठमा.....


## कर्णाली राजमार्गमा सास्ती

**विस्नु प्रसाद न्यौपाने**

**कालिकोट** - कर्णाली राजमार्गको सुर्खेत-जुम्ला सडकमा गाडी संचालनमा आएको १३ वर्ष पुगिसक्यो । एक दशकपछि पहिलो चरणको ओटाशिल गरे पनि दुई वर्षमा नै अधिकांश ठाउँमा उप्किसकेको छ । एकतर्फी मात्रै गाडी पास हुने राजमार्ग समयमै स्तरोन्नती नहुँदा यात्रुले सास्ती खेप्दै आएका छन् । दैनिकजसो दुर्घटना हुँदा मृत्युमार्गले परिचित राजमार्गमा पछिल्लो केही वर्षयता दुर्घटनामा त कमी आएको छ । तर अँझै पनि यात्रुले भनेको समयमा ढुक्कले



गन्तव्यमा पुग्न भने पाउँदैनन् । जम्मा दुईसय ३२ किलोमिटर दुरी पार गर्न दुईदिनको समय लाग्छ । साना सवारी १२ घण्टामा सुर्खेतदेखि जुम्ला पुगे पनि ठूला सवारी भने एकदिनमा पुग्न सक्दैनन् । अहिले खाल्डा-खुल्डी, हिलो र धुलोले राजमार्गमा आवतजावत गर्न सकस हुने गरेको छ । जोखिमपूर्ण सडकका कारण यात्रा कष्टपूर्ण बनेको यात्रु सन्देश कठायतले बताए । उनले भने, 'सडक निकै साँघुरो छ, गाडी पास हुने ठाउँ नपाए आधा दिन जाममा बस्नुपर्छ ।' विगत पाँच वर्षदेखि यो राजमार्गमा गाडी चलाउँदै आएका चालक मानबहादुर थापाले भने, 'साँघुरो सडकमा कतिबेला गाडी फस्छ थाहा हुँदैन, त्यसैमाथि निरन्तर झरिरहने पहिरोको डर त छँदैछ ।' यतिका वर्षसम्म सडकलाई व्यवस्थीत बनाउनु त कहाँ स-साना खाल्डा पनि पुर्ने गरिएको


बाँकी ४ पृष्ठमा.....

# संक्रमणकालीन न्यायको भविष्य

डा. माधवी भट्ट

सशस्त्र द्वन्द्वका पीडितहरूलाई सङ्क्रमणकालीन न्याय प्रदान गर्न ४ वर्षअघि गठन भएका दुई आयोग आफैं सङ्क्रमणमा फसेका छन्। बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन र सत्य निरूपण तथा मेलमिलाप आयोगका पदाधिकारीहरूको पदावधि गत चैतमा सकिएको छ भने नयाँ पदाधिकारी अझै नियुक्त भएका छैनन्। पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्रको संयोजकत्वमा गठित सिफारिस समितिले नयाँ पदाधिकारी चयनको प्रक्रिया थालिसकेको भए पनि केही सरोकारवालाले यसको विरोध गरिरहेका छन्।

उनीहरूले सर्वोच्च अदालतको आदेश र फैसला तथा अन्तर्राष्ट्रिय समुदायको मागबमोजिम आयोग ऐन संशोधन गरेरमात्रै पदाधिकारी नियुक्त गर्नुपर्ने सुझाएका छन्। संयुक्त राष्ट्र संघको मानव अधिकार परिषद्अन्तर्गतका ५ विशेष प्रतिवेदकले पनि सत्य आयोगहरूमा पदाधिकारी छनोट तथा ऐन संशोधनलगायत विविध विषयमा नेपाल सरकारको ध्यानाकर्षण गराइसकेका छन्। चौतर्फी विरोधका माझ पदाधिकारीहरू सिफारिस गरिएमा त्यसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्वीकृति नपाउने हो कि ? हिजोको राज्य पक्ष र विद्रोही दुवैलाई समानरूपमा हेर्ने तटस्थ पदाधिकारी नआउने हुन् कि ? सरकारले आयोग ऐन र नियमावलीमा आवश्यक संशोधन गरिदिएन वा साधनस्रोत र दक्ष जनशक्ति समयमा उपलब्ध भएन भने नयाँ पदाधिकारीले पनि पुरानाकै नियति भोग्नुपर्ने हो कि ? भन्ने प्रश्न उठेका छन्। पहिलोपटक गठन भएको ऐतिहासिक आयोग आंशिकरूपमा मात्र सफल भएकाले नयाँ पदाधिकारीहरूसमक्ष बाँकी काम सम्पन्न गर्नैपर्ने चुनौती छ। यस्तो अवस्थामा नयाँ पदाधिकारी नियुक्त गर्न सिफारिस समितिले महत्वपूर्ण अभ्यास गर्नुपर्ने अवस्था एकातिर छ भने अर्कोतिर आयोगलाई आर्थिक, प्रशासनिक र मानव संसाधन छनोटमा पूर्ण स्वायत्तता प्रदान गर्दै सङ्क्रमणकालीन न्यायको काम सम्पन्न गर्ने वातावरण तयार गर्ने दायित्व सरकारसामु छ।

**ऐन संशोधनका जटिलता**

नेपालको सङ्क्रमणकालीन न्यायको आधार विस्तृत शान्ति सम्झौताको दफा नं ५.२.५ हो। उक्त दफाले उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोगलाई सङ्क्रमणकालीन न्यायको संयन्त्र माने पनि आयोग गठनका लागि ऐन बन्न निकै कठिन भएको थियो। कम्तीमा ३ पटकको असफल प्रयत्नपश्चात् २०७१ सालमा वर्तमान ऐन जारी भएको हो। यस ऐनका विभिन्न प्रावधानमा असहमति जनाउँदै २ सय ३४ जना पीडितले दिएको रिट निवेदनमा २०७१ फागुन १४ गते ऐतिहासिक फैसला गर्दै सर्वोच्च अदालतले ऐन संशोधनको आदेश गरेको छ। उक्त फैसला पुनरावलोकनका लागि नेपाल सरकारले तत्काल दर्ता गरेको निवेदन अहिले पनि विचाराधीन छ। अदालतले उक्त निवेदनउपर फैसला नगर्दासम्म वा सरकारले आफ्नो निवेदन फिर्ता नलिँदासम्म आयोग ऐन संशोधन हुने लक्षण देखिँदैन। यस अवस्थामा वर्तमान ऐनमा टेकेर के/कति काम गर्न सकिन्छ सोको वस्तुपरक विश्लेषण हुनु जरुरी छ। आयोगको काम पूर्णरूपले सम्पन्न गर्न ऐन संशोधन अपरिहार्य भए पनि करिब ६३ हजार उजुरीको (प्रारम्भिक) अनुसन्धान गर्न वर्तमान ऐन बाधक बनेको छैन। विद्यमान ऐनमा टेकेर पनि आयोगले सत्य अन्वेषण र छानबिनका धेरै काम गर्न सक्छ। ऐन संशोधनको मागलाई नयाँ पदाधिकारी सिफारिससँग जोड्नु जरुरी छैन। सर्वोच्चको फैसला कानुन वा सो सरह ग्राह्य हुने पृष्ठभूमिमा ऐन संशोधन नभएकैले आयोगको काम रोकियो भन्न मिल्दैन। सङ्क्रमणकालीन न्यायका संयन्त्रहरू सत्य अन्वेषण, छानबिन र अनुसन्धान गर्ने संस्था हुन्। ट्रायल गरी फैसला गर्ने न्यायिक निकाय होइनन्। आयोग पदाधिकारीहरू न्यायाधीश पनि होइनन्। द्वन्द्वकालीन मुद्दाको अन्तिम किनारा लगाउने विशेष अदालत गठन हुनै बाँकी छ। यतिबेला विशेष अदालत गठन गर्न बन्ने ऐन र त्यसको नियमावलीमा ध्यान केन्द्रित गर्न आवश्यक देखिन्छ। किनकि आयोग ऐन स्वयम् भुतलक्षित छ। सङ्क्रमणकालीन कानुनलाई प्रचलित फौजदारी कानुनको आँखाले हेर्ने र विश्लेषण गर्ने गलत अभ्यासले समस्या भएको हो। विस्तृत शान्ति सम्झौताको झण्डै ८ वर्षपछि जारी ऐनमा टेकेर २० वर्षअघिका घटनाको छानबिन गर्ने कार्यादेश भएको आयोगले हदम्यादमा अल्झनुपर्ने देखिँदैन।

**नयाँ पदाधिकारी चयन**

विश्वका धेरै देशमा सङ्क्रमणकालीन न्यायका संयन्त्रहरूमा समाजका विविध क्षेत्रमा ख्याति प्राप्त, प्रतिष्ठित र उच्च शैक्षिक योग्यता भएका व्यक्ति सहभागी भएका पाइन्छ। व्यक्तिमा अन्तर्निहित बौद्धिक र प्राविधिक क्षमता सँगसँगै यस्ता आयोगको नेतृत्व गर्ने व्यक्तिहरूको सामाजिक पुँजी र ओज पनि महत्वपूर्ण हुन्छ। दक्षिण अफ्रिकामा रङ्गभेदविरुद्ध अहिंसात्मक आन्दोलन गरेका तथा नोबेल शान्ति पुरस्कार विजेता 'डेसमन्ट टुटु'लाई सत्य आयोगको अध्यक्ष बनाइएको थियो। त्यहाँको आयोगले पनि धेरै चुनौती सामना गरेको थियो। रङ्गभेदविरुद्ध सङ्घर्ष गरेको 'अफ्रिकन नेसनल कङ्ग्रेस' ले समेत आयोगका काममा अवरोध पुऱ्याएको थियो। तर आयोगको नेतृत्व गरेका 'टुटु' ले जटिल मोडहरूमा प्रस्ट अडान लिएर उत्कृष्ट संवाद शैली अपनाएर चुनौतीहरूलाई सहीरूपमा संबोधन गरेका थिए। आयोगका पदाधिकारीबीच सन्तुलन मिलाएर 'टिमवर्क' गर्न सक्नु 'टुटु'को अर्को विशेषता थियो। उनले न कहिल्यै कसैप्रति विगतको भूमिकाका आधारमा बदलाको भावना लिए न त भविष्यको अवसरका लागि बार्गेनिङ नै गरे। उनको व्यक्तित्वको उभारका कारण पनि धेरै काम सहजरूपमा अघि बढेको थियो। नेपालका आयोगहरूमा अब नियुक्त हुने पदाधिकारीहरू सङ्क्रमणकालीन न्याय तथा सामाजिक/राजनीतिक क्षेत्रका प्रबुद्ध हुनुपर्छ। देशको राजनीतिलाई राम्रोसँग बुझेको, द्वन्द्वलाई तटस्थ र निष्पक्षरूपमा विश्लेषण गर्न सक्ने, उच्च शैक्षिक योग्यता र अनुसन्धानका सूचकाङ्कहरू तय गर्न सक्ने व्यक्तिले मात्रै आयोगलाई हाँक्न सक्छ। अहिलेको राजनीतिक समीकरण र अवस्था हेरेर मात्र काम गर्दा न्याय निरूपण हुँदैन। एकपक्षीय आयोगले समाधान होइन अर्को द्वन्द्व निम्त्याउँछ। २०७०/७१ सालमा विपक्षमा रहेको पूर्व नेकपा (माओवादी)लाई पनि सङ्क्रमण कालीन न्यायको सवालमा तत्कालीन सत्तारूढ नेपाली कांग्रेस र नेकपा एमालेले विश्वासमा लिएर काम गरेका थिए। वर्तमान अवस्थामा पनि शान्ति सम्झौताको मर्मअनुसार विपक्षी दललाई विश्वासमा लिनुपर्छ। सशस्त्र द्वन्द्वको कुनै प्रमुख शक्तिलाई अलग्याएर शान्ति प्रक्रियाको काम एक फड्को पनि अघि बढ्न सक्दैन।

**पुराना पदाधिकारीको विरोध किन?**

सशस्त्र द्वन्द्वका केही सरोकारवाला पुराना पदाधिकारीलाई दोहोऱ्याउन हुन्न भन्नकै लागि दौडधुप गरिरहेका छन्। सिफारिस समितिमा ज्ञापनपत्र बुझाउनेदेखि नेताका घर चहारिरहेका छन्। सिद्धान्त र नीतिका निम्ति होइन, व्यक्तिविरुद्ध उभिनु लज्जास्पद कुरा हो। फौजदारी अभियोग नलागेको, नैतिक पतन नभएको, मानवअधिकारको गम्भीर उल्लङ्घनमा संलग्न नभएको वा त्यसको पक्ष बनेर काम नगरेको वा ऐन र संविधानअनुसार अयोग्य ठहर नभएका पूर्वपदाधिकारीको नागरिक अधिकार र मानव अधिकार विरुद्ध उभिनु भनेको कानुनलाई हातमा लिन खोज्नु हो। सङ्क्रमणकालीन न्याय बल्झाउन चाहनु हो। यस्तो गतिविधिले नयाँ पदाधिकारीलाई पनि हतोत्साहित बनाउँछ। संसारमा नै यस्ता निश्चित प्रयोजनका लागि गठन हुने निकायमा संस्थागत सम्झना र मानव पुँजी बचतका लागि केही पुराना पदाधिकारी दोहोऱ्याउने गरिन्छ। आयोगमा कस्ता पदाधिकारी सिफारिस गर्ने भन्ने विषय कुनै राजनीतिक दलको पार्टीगत विषय होइन। सिफारिस समितिको क्षेत्राधिकारको विषय हो।

## साताको भाग्यफल

**मेष** : साता उत्साहवर्धक रहनेछ। अध्ययनमा लगनशील बन्ने समय छ। मिहिनेतले सफलताको उचाइमा पुर्याउनेछ।

**वृष** : सुरुमा घरेलु समस्याले अल्झाउन सक्छ। आफ्ना कमजोरी बाहिरिनाले अवसरवादीहरूले मौकाको फाइदा उठाउन सक्छन्, गोपनीयतामा सजग रहनुहोला।

**मिथुन** : बीचमा केही उतारचढाव आए पनि साता शुभफलदायी रहनेछ। कामको सफलताले जोसजाँगर बढ्नेछ।

**कर्कट** : यो साता केही अवरोध र उतारचढाव पार गर्दै अन्त्यमा विशेष उपलब्धि प्राप्त गर्न सफल भइनेछ।

**सिंह** : सुरुमा स्वास्थ्य कमजोर रहनाले काममा बाधा हुनेछ। आगन्तुकले अलमल्याउने हुँदा अध्ययनमा समय दिन नसकिएला।

**कन्या** : प्रारम्भमा खर्च बढ्नेछ र अवसरका लागि केही रकम जोहो गर्नुपर्ने देखिन्छ। काममा दौडधुप गर्नुपरे पनि यात्रा गर्ने अवसर भने प्राप्त हुनेछ।

**तुला** : उठ्ने रकम हातलागी भए पनि साताको पूर्वार्ध खर्चिलो हुने देखिन्छ। सामान्य आम्दानी भइरहनेछ र थप रकम जोहो गर्नुपर्ने स्थिति आउन सक्छ।

**वृश्चिक**: कर्मयोगले उचाइमा पुर्याउनेछ। कामको सन्दर्भमा प्रतिष्ठित व्यक्तिहरू सँग मित्रता बढ्नेछ। मिहिनेतले कीर्तिमानी दिलाउन सक्छ।

**धनु** : विभिन्न अवसर जुट्नाले साता उत्साहजनक रहनेछ। मिहिनेतले काममा सफलता दिलाउनेछ।

**मकर** : प्रारम्भमा परिस्थिति अनुकूल नदेखिए पनि मिहिनेतले सफलता दिलाउन सक्छ। बुद्धिको उपयोगले चुनौतीहरूलाई पन्छाउन सकिनेछ।

**कुम्भ** : सुरुमा प्रियजनसँग रमाइलो भेटघाट हुनेछ। सहयोगीहरूको साथ जुट्नेछ। व्यापार बढ्नेछ। रमाइलो यात्राका बीच आतिथ्यपूर्ण सम्मान पाइनेछ।

**मीन** : प्रतिस्पर्धीहरू पछि हट्नाले काममा उत्साह जाग्नेछ। शत्रु र रोगबाट मुक्ति मिल्नेछ। मिहिनेत गर्दा राम्रै उपलब्धि प्राप्त हुनेछ।

# दुई अर्बभन्दा बढी रकमान्तर, ५४ गाडी खरिद

**मिसन न्यूज**

**सुर्खेत**-आर्थिक वर्ष सकिनै लाग्दा कर्णाली प्रदेशका विभिन्न मन्त्रालयले दुई अर्बभन्दा बढी रकमान्तर गरेका छन् । हालसम्म ७.३७ प्रतिशतमात्रै विकास बजेट खर्च गर्न सकेको प्रदेश सरकारले रकमान्तर गरेको बजेटमध्येबाट ५४ वटा सवारीसाधन खरिद गरेको छ । साबिकका क्षेत्रीय तथा जिल्लास्थित कार्यालयका साथै संघीय सरकारले पठाएका सवारीसाधन पर्याप्त हुँदाहुँदै प्रदेश सरकारले पूर्वाधार निर्माण र कृषकसँग प्रत्यक्ष सरोकार राख्ने बजेटसमेत रकमान्तर गरी सवारीसाधन गरिद गरेको हो ।

प्रदेश सरकारका विभिन्न मन्त्रालयले हालसम्म ४२ वटा नयाँ चारपाङ्गे सवारीसाधन खरिद गरिसकेका छन् । १२ वटा सवारीसाधन खरिद प्रक्रियामा छन् । आर्थिक मामिला तथा योजना मन्त्रालयका अनुसार सातवटै मन्त्रालय, प्रदेशसभा सचिवालय र मुख्य न्यायाधिवक्ताको कार्यालयले जेठ १५ सम्म दुई अर्ब तीन करोड रुपैयाँ रकमान्तर गरेका छन् । रकमान्तर गरिएको बजेटमध्येबाटै मन्त्रालयले गाडी खरिद गरेका हुन् । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले चालू आर्थिक वर्ष सकिनै लाग्दा ४४ करोड ५३ लाख ४४ हजार रुपैयाँ रकमान्तर ग(यो। रकमान्तर गरिएको मध्येबाट तीन करोड ४० लाख रुपैयाँमा मन्त्रालयले नयाँ गाडी खरिद




प्रक्रिया सुरु गरेको छ । 'गाडी खरिदका लागि चालू आर्थिक वर्षमा एक करोड १५ लाख रुपैयाँ छुट्याइएको थियो', मन्त्रालयका एक कर्मचारीले भने, 'जिल्लाहरुमा पठाइएको रकम खर्च नहुने देखिएपछि थप गाडी खरिदका लागि तीन करोड ४० लाख रुपैयाँ रकमान्तर गरिएको छ ।' हालसम्म ७.३७ प्रतिशतमात्रै विकास बजेट खर्च गर्न सकेको प्रदेश सरकारले रकमान्तर गरेको बजेटमध्येबाट ५४ वटा सवारीसाधन खरिद गरेको छ । मन्त्रालयको भवन निर्माण, चमेनागृह, विभिन्न जिल्लामा सहकारीमार्फत उत्पादित वस्तु संकलनका लागि भवन निर्माण, अर्गानिक कृषि तथा पशुपन्छी अनुसन्धान केन्द्र स्थापना, स्थानीय अन्नबाली, तरकारी, बीउ, फलफूलगायतका कृषि पैदावारको खरिद, संकलन तथा बजारीकरण र भूउपयोगसम्बन्धी बृहत्तर गुरुयोजना निर्माण शीर्षकको बजेट रकमान्तर गरेर मन्त्रालयले गाडी खरिद प्रक्रिया सुरु गरेको हो । मन्त्रालयले चारवटा गाडी ल्याइसकेको छ भने मन्त्री, सचिव र अरुका लागि छवटा गाडी ल्याउने तयारीमा छ। सामाजिक विकास मन्त्रालयले २० करोड ७५ लाख रुपैयाँ रकमान्तर गरेको छ । रकमान्तर गरिएको बजेटमध्येबाट ६९ लाख ९५ हजार रुपैयाँ खर्चिएर स्कोर्पियो गाडी खरिद गरिएको छ। ३९ लाख ९५ हजार रुपैयाँमा मन्त्रालयका लागि थप एउटा गाडी खरिद गरिएको छ । मन्त्रालयले १० वटै जिल्लाका लागि एकएक एम्बुलेन्स खरिद प्रक्रिया अघि बढाएको छ। कर्णालीको हुम्ला सडक सञ्जालसँग जोडिएको छैन भने डोल्पा सदरमुकाममा गाडी पुगेको छैन । मन्त्रालयले ती जिल्लाका नाममा खरिद गरिएका एम्बुलेन्स प्रदेश अस्पताललाई हस्तान्तरण गर्ने योजना बनाएको छ। एम्बुलेन्स खरिदका लागि डेढ करोडभन्दा बढी रकमको अख्तियारी स्वीकृत गरिएको छ । भौतिक पूर्वाधार विकास मन्त्रालयले चालू आर्थिक वर्षमा १६ वटा गाडी खरिद गरेको छ । मन्त्रालयले मन्त्रीका लागि ६९ लाख ६ हजार रुपैयाँमा टाटास्ट्रोम गाडी खरिद गरेको छ ।

बाँकी ८ पृष्ठमा..

**सम्पुर्णमा हाम्रो अनुरोध**

जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

खानेपानी सरसफाइ तथा सब–डिभिजन कार्यालय कालीकोट

**मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध**

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौँ ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुवाौँ ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔँ ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔँ ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔँ ।

भटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र कालिकोट

**सान्नी त्रिवेणीको सन्देश**

सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृर्षी उत्पादन, पशुपालन र जडीवुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान ।

सान्नी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
कालिकोट

**सम्पुर्णमा हाम्रो अनुरोध**

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

तिलागुफा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

## साझा विवेकशिलले दियो .........................

सवारीसाधन पर्याप्त हुँदाहुँदै प्रदेश सरकारले पूर्वाधार निर्माण र कृषकसँग प्रत्यक्ष सरोकार राख्ने बजेटसमेत रकमान्तर गरी सवारीसाधन गरिद गरेको हो । प्रदेश सरकारका विभिन्न मन्त्रालयले हालसम्म ४२ वटा नयाँ चारपाङ्गे सवारीसाधन खरिद गरिसकेका छन् । १२ वटा सवारीसाधन खरिद प्रक्रियामा छन् । आर्थिक मामिला तथा योजना मन्त्रालयका अनुसार सातवटै मन्त्रालय, प्रदेशसभा सचिवालय र मुख्य न्यायाधिवक्ताको कार्यालयले जेठ १५ सम्म दुई अर्ब तीन करोड रुपैयाँ रकमान्तर गरेका छन् । रकमान्तर गरिएको बजेटमध्येबाटै मन्त्रालयले गाडी खरिद गरेका हुन् ।

## कर्णाली राजमार्गमा .............................

छैन । यता सडक डिभिजन कार्यालय जुम्लाका प्रमुख इन्जिनियर श्रवणकुमार महताराले राजमार्ग स्तरोन्नतीका लागि एकसय ४० किलोमिटर सडक मर्मतका लागि ठेक्का भइसकेको जानकारी दिए । उनले भने, 'जुम्लादेखी दहीखोलासम्म पाँच वटा ठेक्का भएका छन्, करिब साढे ६ करोड बजेट छुट्याइएको छ ।' निर्माण व्यवसायीहरुले सामान ल्याउन ढिलाइ गरेकाले मर्मतको काम सुरु नसकेको उनको भनाइ छ । स्थानीय तहले बिना अध्ययन निर्माण गरेका शाखा सडकबाट आउने पहिरोले मुख्य राजमार्गको स्वरुप बिग्रिएको महताराले बताए ।


**क्षयरोग (टि.बी.) का लक्षणहरु**

**१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु । २. साझँ पख सधै ज्वरो आउनु । ३. खाना खान मन नलाग्नु । ४. तौल(वजन) घट्नु । ५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।**

**शुभकालिका गाउँपालिका कार्यालय**
**कालिकोट**

**प्रकोप र महामारी सम्बन्धमा**

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**पलाँता गाउँपालिका कार्यालय**
**कालिकोट**

**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृषि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृषि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।**

**तिलागुफा नगरपालिकाको कार्यालय**
**कालिकोट**


# स्वास्थ्य

## गर्मी मौसममा लाग्ने रोगबाट कसरी बच्ने ?



गर्मी मौसम भन्नेबित्तिकै रोगहरूको मौसम पनि मानिन्छ । यो मौसममा विशेषगरी सरुवा रोगका जीवाणु तथा भाइरसको संक्रमण बढी हुने गर्छ । पछिल्लो समय विश्व तापमानमा आएको परिवर्तनले हाम्रो देशमा पनि वातवरणीय प्रभाव परेको छ ।

**झाडापखाला-**दूषित पानी तथा खानाले झाडापखाला लाग्छ । दूषित खाना तथा पानीमा कोलिफर्म तथा इकोलाई भिब्रियो कलेरा, कलेरालगायत संक्रमण गराउने जीवाणु हुन्छ ।जलवियोजनका कारण बिरामीको मृत्युसमेत हुन सक्छ ।

**हैजा-**दिसामिश्रित पानी या खानामा पाइने भिब्रियो कलेरा नामक जीवाणु पानी या खाना प्रयोगको क्रममा पेटमा पुगेपछि हैजाको संक्रमण हुन्छ । मनसुनको कारण पानीका स्रोत जमिनमुनिका पाइप, धारा तथा कुवा दूषित हुने र त्यस्तो पानी प्रयोग गरे यो जीवाणु हाम्रो पेटमा प्रवेश गर्छ ।

**लक्षणहरू-**दिनमा तीन पटकभन्दा बढी दिसा लाग्ने,वान्ता हुने,दिसा गर्दा सजिलै आउने,शरीर कमजोर हुने,शरीरको मांसपेशी बाउँडने

**कसरी बच्ने-**दूषित खाना तथा पानी नखाने,पानी उमालेर या शुद्ध गरेर मात्र खाने,खाना खानुअघि अनिवार्य हात धुने,शौचालय या सार्वजनिक स्थलबाट आएपछि अनिवार्य हात धुने,बाहिर खानै परे भरपर्दो ठाउँमा मात्र खाने,सडेगलेको तथा बासी खाने कुरा नखाने,व्यक्तिगत सफाइमा ध्यान दिने

**हेपाटाइटिस (जन्डिस)-**दूषित पानीमा बस्ने हेपाटाइटिस 'ए' र 'ई' भाइरस कुनै पनि माध्यमबाट मानिसको पेटमा प्रवेश गरे यो हेपाटाइटिस ए र ई को संक्रमण हुन्छ ।

**लक्षणहरू-**आँखा पहेँलो हुने,शरीर पहेँलो हुने,पेट दुख्ने,खान मन नलाग्ने, वाक-वाक लाग्ने

**कसरी बच्ने ?-**सफा पानी पिउने,सफा खाना खाने,व्यक्तिगत सफाइमा ध्यान दिने

**मलेरिया-** सुदूरपश्चिम, कञ्चनपुर सम्मको क्षेत्रमा मलेरिया देखिन्छ । लामखुट्टेले टोकेर फाल्सिफारम भन्ने परजीवी शरीरमा संक्रमण भएपछि मलेरिया हुन्छ । यसले टोकेको १२ देखि १४ दिनभित्र मलेरियाको लक्षण देखिन्छ

**लक्षणहरू-**काम ज्वरो आउने,-पसिना आउने,जिउ दुख्ने

**कसरी बच्ने ?-**लामखुट्टेको टोकाइबाट बच्ने,घरवरिपरिको वातावरण सफा राख्ने ,ज्वरो आउनेबित्तिकै मलेरिया परीक्षण गराउने,झुल लगाएर सुत्ने


**वन डढेलो नियन्त्रण सम्बन्धी सूचना**

**वन डढेलो रोकथाम गर्ने उपायहरुः-**

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

**वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-**

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाई प्रति अग्नी विधी (Conter Fire Method )
अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**डिभिजन वन कार्यालय**
**कालिकोट**

# सुर्खेतको छिन्चुमा पेट्रोलियम पदार्थको भण्डारण राख्नुपर्ने : मुख्यमन्त्री शाही

**मिसन न्यूज**

**सुर्खेत** - कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रवहादुर शाहीले कर्णाली प्रदेशमा पेट्रोलियम पदार्थको भण्डारण व्यवस्था गर्न नेपाल आयल निगमलाई आग्रह गरेका छन् । पेट्रोलियम पदार्थको कारोवारको व्यवस्थापन सम्वन्धि दिर्घकालीन रणनैतिक सुधार सम्वन्धि उच्चस्तरीय कार्यदलको टोलीसंग मुख्यमन्त्री कार्यालयमा शुक्रवार भएको भेटवार्तामा उनले यस्तो आग्रह गरेका हुन् ।

हालसम्म कर्णालीमा एउटा पनि पेट्रोलियम पदार्थको भण्डारण नरहेको भन्दै मुख्यमन्त्री शाहीले असहज परिस्थितिमा पेट्रोलियम पदार्थको आपुर्तिको लागि भण्डारणको आवश्यकता जरुरी भएको वताए । भेटवार्तामा निगमको टोलीले पेट्रोलियम पदार्थको भण्डारण व्यवस्थाको लागि जग्गा प्राप्तीको समस्या रहेको भन्दै सहजीकरणका लागि मुख्यमन्त्री शाहीलाई आग्रह गरेको थियो। जवाफमा मुख्यमन्त्री शाहीले कर्णालीका सल्यान, रुकुम पश्चिम, जाजरकोट र डोल्पामा समेत ढुवानी गर्न सहज हुने गरि सुर्खेतको छिन्चुमा भण्डारण केन्द्र राख्न उपयुक्त हुने भन्दै जग्गा प्राप्तीको लागि आफुले संघीय सरकारसंग पहल गर्ने बताए । टोलीसंगको भेटवार्ताकै विचमा मुख्यमन्त्री शाहीले उद्योग, वाणीज्य तथा आपुर्ती मन्त्री मातृका यादवलाई फोन सम्पर्क गरी पेट्रोलियम पदार्थको भण्डारणको लागि जग्गा प्राप्तीको फाईल अगाडि वढाईदिन समेत आग्रह गरे। भेटवार्ताको क्रममा मुख्यमन्त्री शाहीले केन्द्र सरकारले आयात व्यवस्थापन गर्ने र प्रदेश सरकारले वितरणको व्यवस्थापन गर्ने नीति वनाउन आवश्यक रहेको पनि वताए। उनले पेट्रोलियम पदार्थ उपभोग गर्ने उपभोक्ताहरुको अवस्था हेरी अनुदान दिने व्यवस्था गर्न यस्तो नीति आवश्यक रहेको वताए । 'अहिले सवै खाले उपभोक्ताले एकै खालको अनुदान सुविधा पाईरहेका छन् ।' मुख्यमन्त्री शाहीले भने - 'साधारण घरेलु उपभोक्ता, किसान र विद्यार्थीलाई दिईने अनुदान र व्यवसायिक उपभोक्ताहरुलाई दिईने अनुदान फरक फरक हुन आवश्यक छ।' आयल निगम घाटामा छ भन्ने कुरा जनतालाई मन नपरेको भन्दै मुख्यमन्त्री शाहीले ढुवानी, भण्डारण र वितरणमा हुने चुहावट नियन्त्रण गर्न पनि आयल निगम गम्भीर वन्नुपर्ने वताए। भेटवार्तामा पेट्रोलियम पदार्थको कारोवारको व्यवस्थापन सम्वन्धि दिर्घकालीन रणनैतिक सुधार सम्वन्धि उच्चस्तरीय कार्यदलका सदस्य विमल प्रसाद वाग्ले, कृष्ण आचार्य र आयल निगम सुर्खेतका प्रमुख दिपक घिमिरेको सहभागिता रहेको थियो ।




## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुवौं ।
– पशुपन्क्षी बध गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउ र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

**नरहरिनाथ गाउँपालिका**
**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गन अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.साबुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**स्वास्थ्य कार्यालय**
**कालिकोट**

**सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं,गरिबी न्यूनिकरण गरौं।**

**कृषि ज्ञान केन्द्रको कार्यालय, कालिकोट**

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ। तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

**पचाल झरना गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## अन्तराष्ट्रिय न्युज

# ट्रम्प र कतारका अमिरबीचको वार्ता तय



एजेन्सी-कतारका अमिर शेख तमिम बिन हमद अल थानीले अर्को महिना अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई भेट्ने भएका छन् । अमेरिकी राष्ट्रपतिको कार्यालय ह्वाईट हाउसमै उनले ट्रम्पलाई भेटेर अरबी मुलुकहरूमा भइरहेको तनावका बारेमा छलफल गर्ने कार्यक्रम तय भएको सार्वजनिक भएको छ । कतारका छिमेकी अरबी मुलुकहरूले झण्डै दुई वर्षदेखि कतारविरुद्ध नाकाबन्दी गर्दै आएका छन् । अमिर थानीले राष्ट्रपति ट्रम्पलाई नाकाबन्दी फिर्ताका लागि पहल गर्न तथा दवाव दिन आग्रह गर्ने भएका छन् । अमिरले ट्रम्पलाई वासिङ्टनमा यही जुलाई ९ तारिखका दिन भेट्ने कार्यतालिका र हेको छ । भेटवार्ताका क्रममा दुवैले आतङ्कवाद विरुद्धको सहकार्य, क्षेत्रीय र ाजनीति, सुरक्षालगायतका विषयमा छलफल गर्ने भएका छन् ।


## सन्देश मुलक सुचना

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।**

जलस्रोत तथा सिंचाई विकास सव-डिभिजन कार्यालय

कर्णाली प्रदेश, कालिकोट


## ज्ञानमाला

१. राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८-२०३२) मा व्यवस्था भएको प्राथमिक विद्यालय तहको संरचना तलकामध्ये कुन हो ?
- १-३

२. दैनिक पाठयोजनाका अङ्गहरुको क्रम तलकामध्ये कुन हो ?
- उद्देश्य, सामग्री, क्रियाकलाप, मूल्याङ्न र गृहकार्य

३. तलकामध्ये कुन चाहिं पूर्व प्राथमिक शिक्षाको उद्देश्यभित्र पर्दैन ?
- भषिक तथा गणितीय सीप विकास गर्ने

४. उत्तरबाल्यावस्थाका विशेषताभित्र तलकामध्ये कुन चाहिं पर्दैन ?
-डा. माधवी भट्ट खेलौनाको उमेर

५. सबैका लागि शिक्षा कार्यक्रम (२००४-२००९) मा कतिओटा उद्देश्य राखिएका छन् ?
- ३ ओटा

६. आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम (१९९९-२००४) अन्तर्गत राखिएको संस्थागत क्षमता अभिवृद्धि गर्ने उद्देश्य पूरा गर्न कतिओटा कार्यक्रमका क्षेत्रहरु निर्धारण गरिएका थिए ?
- ४ ओटा

७. तलकामध्ये कुन चाहिं सबैभन्दा बढी विद्यार्थी केन्द्रित विधि हो ?
- छलफल विधि

८. वर्तमान प्राथमिक तहको पाठ्यक्रम अन'सार कक्षा ४ र ५ को नेपाली विषयको पाठ्यभार कति छ ?
- ८

९. तलका मध्ये कुन चाहिं योजनाले विद्यालयको सम्पूर्ण वार्षिक गतिविधिलाई प्रतिनिधित्व गर्छ ?
- वार्षिक कार्यपात्रो

१० बहुकक्षा शिक्षण भन्नाले के बुझिन्छ ?
- धेरैओटा कक्षाका विद्यार्थीलाई एउटै कक्षाकोठामा राखी अध्यापन गराउनेत शिक्षक सेवा आयोग सामग्री

११.'राज्य भनेको एक वर्ग माथि अर्को बर्गको शोषण हो'यो भनाइ कसकोहो ?
-.कार्ल मार्क्स

१२.लोक सेवा आयोगका वर्तमान अध्यक्ष को हुन्?
-उमेश मैनाली

१३.दीपक बिष्ट कुन खेलसँग सम्बन्धित छन्?
-.तेक्वान्दो


*एक घर एक करेसाबारीको स्थापना गरौं ।*
*स्वच्छ र ताजा तरकारीको सेवन गरौं ॥*

पचाल झरना गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, कालिकोट



## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकालाई पुर्ण सरसफाइ गाउँपालिका घोषणा गर्नु पर्ने अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

पलाँता गाउँपालिकाको कार्यालय

कालिकोट


## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

मिसन न्यूज राष्ट्रिय साप्ताहिक

# प्रदेश सभामा सिफारिस भएकि अपाङ्ग यसुदा न प्रदेशमा न जिल्लामा

**मिसन न्यूज**

**कालिकोट**-गरिब घरपरिवारमा जन्मिएकी हुन् यसुदा बराल । कसैको गुलामि बन्न नचाहाने सोझी यसुदा प्रष्ट बक्ताका रुपमा चिनिन्छन्। गुट उपगुटको बिरोधी धारमा क्रियाशिल उनि तत्कालीन नेकपा एमाले कालीकोट (ख) बाट प्रदेश सभामा सिफारीस भइन् । बिडम्बना न प्रदेश सभा, न प्रदेश कमिटि न जिल्ला कमिटिमै अटाइन् नेकपाको ।

नेपाल कमर्स क्याम्पस मिनभवन काठमाण्डौमा ब्यबस्थापन संकायमा स्नातक तह उत्तिर्ण गरेकी बराल पार्टी प्रति दत्त चित्त भएर लाग्ने इमान्दार कार्यकर्ताको रुपमा चिनिन्छन् । कालीकोट जिल्लाको फुकोटमा जन्मिएकि कुसल, इमान्दार, साहसी महिलाको सूचिमा छन् बराल । सानै उमेर देखि दायाँ खुट्टामा समस्या भएपनि पार्टीका बिभिन्न कार्यक्रम तथा सामाजिक सेवामा तल्लिन बरालले २०६९ सालमा अन्तरिम संबिधानको धारा १८ को (क) र (ख) अन्तरगत मौलिक हक सम्बन्धि सामाजिक सुरक्षा र युवा रोजगार



कार्यान्वयनका लागि नेपाल सरकार बिरुद्ध अदालतमा परमादेश गरि २०७१ चैत्र १ गते सर्बोच्च अदालतबाट बरालको पक्षमा फैसला भई नेपाल सरकारलाई कार्यान्वयन गराउन आदेश दिए पछि उनि थप चर्चामा पुगेकि हुन् । सधै जनता र समाज सेवामा क्रियाशिल बराल अहिले भने नेपाल कम्युनिष्ट पार्टीको जिल्ला कमिटि सदस्यमा समेत अटाइनन्। कक्षा ८ मा अध्ययनरत हुँदै २०६२ सालमा जनजागृति माबिको अनेरास्ववियु प्राक अध्यक्ष भएर बिद्यार्थीबाट राजनीतिक यात्राको सुरुवात गरेकि बराल जिल्ला कमिटिमा पनि नपर्दा पार्टी पंक्तिबाटै बिरोध भएको छ भने बिगतको जिल्ला कमिटिमा बहुमतले जितेका सदस्यहरु पनि गुटका कारण कमिटिबाट बाहिरीए पछि नेकपा कालीकोटमा भाँडभैलो नै भएको छ । जिल्ला भरिका संगठित सदस्यहरुले भोट दिएर जिताएकाहरुलाई पनि गुटका आधारमा कमिटि बिहिन बनाइयो, आसेपासेलाई कमिटिमा ल्याइयो एक नेताले भने योगदानको अबमूल्यन सर्बत्र भएको छ। यो पार्टी हितमा पटक्कै होइन, यसको दृघकालिन असर सबैले भोग्नै पर्छ ।

**को हुन् यसुदा**

२०६५ सालमा अखिल नेपाल महिला संघको इकाई सचिव, २०६६ सालमा अखिल नेपाल महिला संघको जिल्ला सदस्य, २०७० सालमा युवा संघ अन्तरजिल्ला केन्द्रीय कमिटि सदस्य, अखिल नेपाल महिला संघ युवा संघ केन्द्रीय सदस्य, अखिल नेपाल महिला संघ प्रदेश समिति सदस्य, कालीकोट क्षेत्र ख बाट समानुपातिक बाट प्रदेश सभामा सिफारिस भएपनि जिल्ला कमिटिमा नपरेपछि सर्बत्र बिरोध भएको छ ।


## प्रकोप र महामारी सम्बन्धमा

नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।

**खानेपानी सरसफाइ तथा सव–डिभिजन, कार्यालय**

**कालिकोट**

## सान्नी त्रिवेणीको अनुरोध

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन र ख्ल्न सधै सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।**

**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**

**कालिकोट**

## जनहितका लागि जारी सन्देश

**घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं । रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।**

**महावै गाउँपालिका**

**गाउँ कार्यपालिकोको कार्यालय**

**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**स्वास्थ्य कार्यालय कालिकोट**
**कर्णाली प्रदेश, नेपाल**

## पलाँताको सन्देश

**स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं। धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं। खेती योग्य बाझाँ जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौं, गराऔं।**

**नेपाल खाद्य संघ**

**कालिकोट**

## दिगो विकासका लागि............................

पनि आवधीक योजनाले सहयोग पुग्ने छ। नेपालको संविधान, दिगो विकासका लक्ष्य तथा नेपालले अन्तराष्ट्रिय स्तरमा गरेका प्रतिवद्धता, राष्ट्रिय आवधिक योजना, स्थानिय स्तरका नीति तथा कार्यक्रम मार्फत प्रारम्भ गरिएका दीर्घकालीन महत्वका विषय तथा नगरका आर्थिक सामाजिक विकासको स्थितिलाई आवधिक योजनाका आधारहरु मानिएको छ। पहिलो मस्यौदामाथि जिल्लाबाट आएको सुझावहरुलाई समेटी असार भित्रै अन्तिम मस्यौदा तयार गर्ने र मस्यौदालाई नगर कार्यपालिका वाट कार्यन्वयन गर्ने बताएका छन।

आवधिक योजना बनाउने खाँडाचक्र नगरपालिका जिल्लाकै दोस्रो नगरपालिका हो। यस भन्दा अगाडि कालिकोटकै रास्कोट नगरपालिकाले पाँच वर्षे आवधिक योजना निर्माण गरिसकेको छ।


## प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं।**

**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## रास्कोट नगरपालिकाको सन्देश

**घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं। रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं।**

**रास्कोट नगरपालिका कार्यालय**
**कालिकोट**

## 'भष्ट्राचार विरुद्धको सहकार्य:सुशासनको लागी अपरिहार्य'

कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको व्यक्तिले भष्ट्राचारगरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्याक्स गरी भ्रष्ट्राचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा सहयोग पुर्याउन हुन अनुरोध छ।

**सर्म्पक ठेगाना**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,सुर्खेत
फोन नं.०८३-५२५३७४,०८३-५२३१७८,०८३-५२१९६०
फ्याक्स नं. ०८३-५२३८८४
२४ सै घण्टा उपलब्ध हुने मोवाइल नं. ९८५८०५३४२२
ईमेल नं. ciaasurkhat@gmail.com


## दुई अर्बभन्दा बढी ....................

तीनवटा महाशाखा र १२ वटा विषयगत कार्यालयका लागि बोलेरो गाडी खरिद गरिएको छ। यी सवारीसाधन खरिद गर्न मन्त्रालयले ती करोड ५० हजार बढी रकम खर्च गरेको छ। आन्तरिक मामिला तथा कानुन मन्त्रालयले चालू आर्थिक वर्षमा १६ वटा गाडी खरिद गरेको छ। आठवटा गाडी खरिद गरिसकेको मन्त्रालयले आठवटा गाडीका लागि टेन्डर प्रक्रिया पूरा गरेको छ। मन्त्रालयले यी गाडी खरिदका लागि ६ करोड रुपैयाँ छुट्याएको छ। मन्त्रालयले यसअघि खरिद गरिएका गाडीमध्ये प्रदेश प्रहरी कार्यालयलाई पाँचवटा पिकअप भ्यान हस्तान्तरण गरेको छ भने एउटा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई हस्तान्तरण गरेको छ। दुईवटा गाडी मन्त्रालय आफैंले राखेको छ। पाँचवटा पिकअप भ्यान, दुईवटा ट्रक र कार्यालय प्रयोजनका लागि एउटा जिप खरिदका लागि कम्पनी छनोट गरिसकेको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले दुईवटा गाडी खरिद प्रक्रिया सुरु गरेको छ। एउटा जिप र एउटा डबल पिकअप भ्यान खरिदका लागि टेन्डर प्रक्रिया अघि बढाएको कार्यालयका लेखा अधिकृत मानबहादुर सुनारले जानकारी दिए। गाडी खरिदका लागि मुख्यमन्त्री कार्यालयले रकमान्तर गरिएको बजेटमध्येबाट एक करोड ६५ लाख रुपैयाँ छुट्याएको छ। उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले तीनवटा गाडी खरिद गरेको छ। मन्त्रालयले एक करोड ८० लाख रुपैयाँमा तीनवटा गाडी खरिद गरेको हो। मन्त्रीका लागि ६९ लाख ५४ हजार खर्चिएर स्ट्रोम गाडी खरिद गरिएको छ भने दुईवटा टाटा जेनुन पिकअप किनिएको छ। प्रदेशसभा सचिवालयले सातवटा स्कोर्पियो गाडी खरिद गरेको छ। चारवटा विषयगत समितिका सभापति, दलका सचेतकहरुका लागि तीन करोड ८८ लाख रुपैयाँ खर्चिएर स्कोर्पियो खरिद गरिएको संसद् सचिवालयले जनाएको छ। प्रदेशमा रकमान्तर गर्न प्रदेश सरकारकै अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्ने प्रावधान छ। नागरिकबाट


## बेस्ट कर्णाली मिडियाको नौलो धमका

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रेस काउन्सिल नेपालमा कर्णाली प्रदेशबाट सूचिकरण भएको www. missionenews.com डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ। साथै यस मिडियाद्धारा स्थायी प्रमाण-पत्र प्राप्त मिसन न्युज साप्ताहिक (ख) बर्गमा वर्गिकृत पत्रिका प्रकाशन भईरहेको छ। पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं

**हाम्रा विशेषताहरु**

- सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन्।
- अनलाईन पत्रिका डिजाइन।
- वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव।
- वेव तथा अनलाईनका लागि होस्टीग।
- स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन।
- भिडियो डुकुमेन्ट्रीउत्पादन।
- स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com



बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित
मिसन न्यूज
Mission News National Weekly
राष्ट्रिय साप्ताहिक
www.missionenews.com

**सम्पादक : पवित्र शाही, प्रवन्ध सम्पादक : निर्मला शाही, समाचारदाता : लिलाराज संज्याल, समाचारदाता :** दिलिप कुमार शाही, **कार्यालय : खाँडाचक्र न.पा.-१ कालिकोट , फोन नं. –** ०८७-४४०२४२,९८४८०४९४५५,९८६८३१५३५३ **,इमेल :** missionnewsp@gmail.com, bestkarnalimedia@gmail.com **,मुद्रण: ईश्वर अफ्सेट प्रेस खाँडाचक्र-१, कालिकोट**